**मिति २०७४।१२।२१ गते बसेको तुलसीपुर उपमहानगरपालिकाको दोश्रो नगरसभाको प्रथम बैठकका निर्णयहरु :**

**निर्णय नं. १**

तुलसीपुर उपमहानगरपालिकाको दोश्रो नगरसभा बैठकमा बिशेष सम्बोधन प्रदान गर्नु भएकोमा ५ नं. प्रदेशका माननीय मुख्य मन्त्री ज्यूलाई हार्दिक धन्यबाद प्रस्ताव पारित गर्ने ।

**निर्णय नं. २**

तुलसीपुर उपमहानगरपालिकाका उपप्रमुख श्री माया शर्माद्धारा प्रस्तुत आ.ब. २०७४/०७५ को संशोधित बिनियोजित बजेट, योजना तथा कार्यक्रम पारित गर्ने ।

**निर्णय नं. ३**

तुलसीपुर उपमहानगरपालिकाको आ.ब. २०७४।१०।१७ गते बसेको १८ औं नगर कार्यपालिकाको बैठकको निर्णय नं. ५ बाट गठित न्यायीक समितिलाई अनुमोदन गर्ने ।

**निर्णय नं. ४**

तुलसीपुर उपमहानगरपालिकाको आफ्नै पहिचान झल्कने खालको लोगो निर्माण गर्ने र सोको लागि सूचना जारी गरी ईच्छुक संघ संस्था तथा ब्यक्तिबाट लोगोको नमुना संकलन गर्ने ।

**मिति २०७५।०२।०७ गते बसेको तुलसीपुर उपमहानगरपालिकाको दोश्रो नगरसभाको दोश्रो बैठकका निर्णयहरु :**

**निर्णय नं. १**

तुलसीपुर उपमहानगरपालिकाको प्रशासकीय कार्यबिधि नियमन गर्न बनेको बिधेयक, २०७५ सर्ब सम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

तुलसीपुर उपमहानगपालिकाको न्यायीक समितिले  उजुरी कारवाही किनारा गर्दा अपनाउनु पर्ने कार्यबिधिका सम्बन्धमा  ब्यवस्था गर्न बनेको बिधेयक, २०७५ सर्ब सम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

तुलसीपुर उपमहागरपालिकाको सहकारी बिधेयक, २०७५ सर्ब सम्मतिबाट स्वीकृत गर्ने निर्णय गरियो ।